# सडकमा बस्ने बालबालिका विशेष संरक्षण एकीकृत कार्यविधि, २०८२

**<u>प्रस्तावनाः</u>** सडकमा बस्ने बालबालिकाको पहिचान, उद्धार, संरक्षण, पुनःस्थापना, मनोविमर्श, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण, पालन पोषण, स्याहार सुसार, शिक्षादीक्षा, सीप तथा क्षमता अभिवृद्धि, स्वरोजगार तालीम, परिवार सहयोग तथा सहयोग प्रायोजन, सडकमा बस्न रोकथाम तथा सचेतना सम्बन्धी कार्यक्रम सम्बन्धित स्थानीय तह, प्रदेश र संघ तथा तीनै तहमा रहेका सम्बन्धित सरोकारवाला निकाय तथा सेवा प्रदायक संघ संस्था बीचको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन गर्न, कुनै पनि बालबालिकाले सडकमा बस्नु नपर्ने वातावरण सिर्जना गर्न, सडक बालबालिकाको अधिकार तथा हक हितको संरक्षण गर्न र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) बमोजिम सडकमा बस्ने बालबालिकाको सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष संरक्षण पाउने अधिकार सुनिश्चत गरी नेपाललाई सडक बालबालिका मुक्त बनाउन वाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) को अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले सडकमा बस्ने बालबालिका विशेष संरक्षण एकीकृत कार्यविधि, २०८२ बनाएको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम “सडकमा बस्ने बालबालिका विशेष संरक्षण एकीकृत कार्यविधि, २०८२” रहनेछ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “ऐन” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) “कार्यक्रम” भन्नाले नेपाललाई सडक बालबालिका मुक्त बनाउन सडकमा बस्ने, श्रम गर्ने र माग्ने बालबालिकाको पहिचान, उद्धार, संरक्षण, पुनःस्थापना, मनोविमर्श, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण, सामाजिक पुनःस्थापना, पालन पोषण, हेरचाह, स्याहार सुसार, शिक्षादीक्षा, सीप तथा क्षमता अभिवृद्धि, स्वरोजगार तालीम, परिवार सहयोग तथा सहयोग प्रायोजन, रोकथाम तथा सचेतना अभिवृद्धि सहित सडक बालबालिकाको

अधिकार तथा हक हितका निम्ति सम्बन्धित तीनै तहका सरकार, सरोकारवाला निकाय तथा संघ संस्थाको आपसी समन्वय, सहयोग, सहकार्यमा सञ्चालन गरिने सडक बालबालिका सम्बन्धी कार्यक्रम सम्झनु पर्छ । सो शब्दले गल्ली, टोल, समुदाय, वडा, स्थानीय तह, प्रदेश र नेपाललाई सडक बालबालिका मुक्त बनाउन सञ्चालित विशेष स्थानीय, प्रादेशिक र राष्ट्रिय अभियान समेतलाई जनाउँछ ।

(ग) "जिम्मेवार निकाय" भन्नाले मन्त्रालय, परिषद्, प्रदेश मन्त्रालय र स्थानीय तह सम्झनु पर्छ र सो शब्दले बालबालिका खोजतलास सेवा तथा प्रहरी कार्यालय समेतलाई जनाउँछ ।

(घ) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(ङ) "परिषद्" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(च) "पुनःस्थापना केन्द्र" भन्नाले ऐनको दफा ७१ बमोजिमको केन्द्र सम्झनु पर्छ ।

(छ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको बालबालिका हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकारी" भन्नाले नियमावलीको नियम ७८ बमोजिम नियुक्त वा तोकिएको परिषद्को सदस्य-सचिवलाई सम्झनु पर्छ र सो शब्दले परिषद्को प्रशासकीय प्रमुख भै काम गर्ने अन्य व्यक्तिलाई समेत जनाउँछ ।

(झ) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ तथा नियमावलीको नियम ८१ बमोजिम नियुक्त वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ट) "लागू औषध उपचार तथा पुनःस्थापना केन्द्र" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सोको लागि अनुमति तथा स्वीकृति प्राप्त गरेको सेवा प्रदायक निकाय वा संघ संस्थाले सञ्चालन गरेको सडक बालबालिका लागू औषध उपचार तथा पुनःस्थापना केन्द्र सम्झनु पर्छ ।

(ठ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ र सो शब्दले जिल्ला समन्वय समिति समेतलाई जनाउँछ।

(ड) "सडक बालबालिका" भन्नाले सडकमा बस्ने बालबालिका सम्झनु पर्छ र सो शब्दले सडकमा श्रम गर्ने र सडकमा माग्ने बालबालिकालाई समेत जनाउँछ ।

(ढ) "सडकमा बस्ने बालबालिका" भन्नाले विभिन्न घटना तथा परिस्थितिका कारण बाबुआमा, परिवारका अन्य सदस्य, अभिभावक र संरक्षकको संरक्षकत्व बिना जीवन निर्वाहका लागि सडकमा बसिरहेका अठार वर्ष उमेर पूरा नगरेका सडक आश्रित व्यक्ति सम्झनु पर्छ ।

(ण) "अस्थायी संरक्षण सेवा केन्द्र" भन्नाले ऐनको दफा ६९ बमोजिमको सडकमा बस्ने बालबालिकाको अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्ने केन्द्र वा नियमावलीको नियम ६३ र ६८ बमोजिम सडकमा बस्ने बालबालिकाको अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था तथा बाल गृह सम्झनु पर्छ र सो शब्दले सडकमा बस्ने बालबालिकाको लागि सञ्चालित सडक बालबालिका लागू औषध उपचार तथा पुनःस्थापना केन्द्र, पुनःस्थापना केन्द्र र सामाजिकीकरण केन्द्रलाई समेत जनाउँछ ।

(त) "सामाजिकीकरण केन्द्र" भन्नाले सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रको प्रारम्भिक अवस्थाको सेवा अवधि पश्चात बालबालिकाको जीवनमा थप सुधार गर्न तथा सामान्य जीवनयापन गर्न सक्ने अवस्थामा पुऱ्याउन सञ्चालित सडक बालबालिका सामाजिकीकरण केन्द्र सम्झनु पर्छ ।

(थ) "सेवा प्रदायक संघ संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता तथा स्थापना भै सडक बालबालिकाको क्षेत्रमा काम गर्ने गैर सरकारी संघ संस्था, बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, सामाजिकीकरण केन्द्र, लागू औषध उपचार तथा पुनःस्थापना केन्द्र, पुनःस्थापना केन्द्र लगायत सम्झनु पर्छ ।

## परिच्छेद -२

## उद्देश्य र प्रवाह गरिने सेवा तथा कार्यहरू

३. उद्देश्यः यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

(क) सडकमा बसी जीवनयापन गरिरहेका बालबालिकाको उद्धार तथा संरक्षण गर्नु,

(ख) उद्धार गरिएका बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रबन्ध, पालन पोषण, हेरचाह, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनःस्थापना गर्नु,

(ग) उद्धार गरिएका सडक बालबालिका तथा निजका परिवारलाई सीपमूलक तालीमको व्यवस्था गरी क्षमता अभिवृद्धि गर्नु तथा परिवार सहयो गर्नु वा सहयोग प्रायोजन गर्नु र स्वरोजगार बन्न सहयोग गर्नु,

(घ) बालबालिकाले सडकमा बस्न नपर्ने, बाल श्रम गर्न नपर्ने र माग्न नपर्ने वातावरणको सिर्जना गर्नु,

(ङ) स्थानीय तह, प्रदेश र नेपाललाई सडक बालबालिका मुक्त बनाउन तथा घोषणा गर्न सहयोग र सहजीकरण गर्नु ।

४. कार्यक्रम सञ्चालनबाट प्रवाह गरिने सेवा तथा कार्यहरू (१) कार्यक्रम सञ्चालनबाट देहाय बमोजिमको सेवा प्रवाह तथा कार्यहरू सञ्चालन गरिनेछन्ः-

(क) नक्शाङ्कन गर्ने (सेवा प्रदायक संघ संस्था, संस्थाबाट उपलब्ध हुने सेवाहरु, बालबालिका बसेको स्थान र संख्या),

(ख) सडक बालबालिका रहेको स्थान पहिचान तथा संख्याको यकीन गर्ने,

(ग) सम्बन्धित तह, निकाय तथा सेवा प्रदायक संघ संस्थाबीच समन्वयात्मक जानकारी, सहजीकरण तथा अभिमूखीकरण गर्ने,

(घ) बालबालिका सडकमा बस्न नपर्ने सम्बन्धी पूर्व जानकारी, सन्देश तथा सूचना प्रचार प्रसार, प्रसारण तथा प्रकाशन गर्ने,

(ङ) सडकमा बसेका बालबालिकाको उद्धार गर्ने,

(च) उद्धार गरिएका बालबालिकाको नाम दर्ता र वैयक्तिक विवरण तयार गर्ने,

(छ) उद्धार गरिएका सडक बालबालिकाको अवस्था तथा प्रकृतिको वर्गीकरण गर्ने,

(ज) स्वास्थ्य परीक्षण तथा उपचार नियमित गर्ने,

(झ) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा  पुनःस्थापना केन्द्रमा सिफारिस गर्ने,

(ञ) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा पुनःस्थापना केन्द्र सेवा उपलब्ध गराउने,

(ट) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा पुनःस्थापपना केन्द्रको सेवाबाट बालबालिकाको अवस्थामा भएको सुधारको मूल्याङ्कन गर्ने,

(ठ) बालबालिकाको अवस्था र मूल्याङ्कनका आधारमा पारिवारिक पुनर्मिलन गर्ने वा संस्थागत पुनःस्थापना गर्ने वा सामाजिकीकरण केन्द्रमा सिफारिस गर्ने,

(ड) सामाजिकीकरण केन्द्रको सेवा उपलब्ध गराउने,

(ढ) सामाजिकीकरण केन्द्रको सेवाबाट बालबालिकाको अवस्थामा भएको सुधारको मूल्याङ्कन गर्ने, पारिवारिक पुनर्मिलन गर्ने वा संस्थागत पुनःस्थाना गर्ने वा सीपमूलक क्षमता अभिवृद्धि वा तालीमका लागि छनौट र सिफारिस गर्ने,

(ण) पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण गर्ने,

(त) दीर्घकालीन पुनःस्थापना गर्ने,

(थ) रोजगार मूलक प्राविधिक तथा व्यवसायिक सीप र क्षमता अभिवृद्धि तालीम (स्वरोजगार बनाउनुका लागि)मा सहभागिता गराउने,

(द) परिवार सहयोग वा सहयोग प्रायोजन (आय-आर्जन अभिवृद्धि तथा स-साना व्यवसाय सञ्चालनका लागि) गर्ने,

(ध) रोजगारीका लागि सम्बन्धित निकाय तथा संघ संस्थामा समन्वय, सहजीकरण तथा सिफारिस गर्ने,

(न) सडक बालबालिका उद्धार, संरक्षण तथा रोकथामका लागि सचेतना मूलक सन्देश तथा सूचना प्रचार प्रसार, प्रसारण र प्रकाशन गर्ने,

(ऩ) नियमित वार्षिक तथा आवधिक अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण गर्ने,

(प) आवधिक नियमित प्रतिवेदन तर्जुमा, प्रकाशन तथा वितरण गर्ने,

(फ) सम्पन्न कार्यक्रमको प्रतिफलको जानकारी लिन आवश्यकतानुसार परिवार तथा बालबालिकाको अवस्थाको अनुगमन तथा निरीक्षण गर्ने,

(ब) समन्वय, सहकार्य, सहयोग, सहजीकरण गर्ने,

(भ) परिषद् तथा मन्त्रालयले निर्धारण गरेका अन्य आवश्यक सेवा तथा कार्यहरू सञ्चालन गर्ने ।

(२) उपदफा (१) बमोजिम चरणबद्ध रूपमा प्रवाह गरिने सेवा तथा कार्यहरू आवश्यकतानुसार तीनै तहका सरकार, सम्बन्धित निकाय तथा सेवा प्रदायक संघ संस्थाबाट सञ्चालन तथा व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ ।

## परिच्छेद -३

## सडकमा बस्ने बालबालिका पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यविधि

५. सूचना प्रसारण तथा जानकारी गरिनेः (१) बालबालिका सडकमा बस्नु हुँदैन, सडकमा बस्नु पर्दैन भन्ने मूल सन्देश जस्ता सूचना तथा जानकारी उत्पादन गरी आम सञ्चार माध्यमबाट प्रचार प्रसार, प्रकासन तथा प्रसारण गरिनेछ ।

(२) कसैले सडकमा बसेका बालबालिका फेला पारेमा वा देखेमा पहिचान तथा उद्धारका लागि निःशुल्क टेलिफोन नम्बरहरु बालबालिका खोजतलास सेवा नं. (१०४), नेपाल/प्रदेश प्रहरीको १०० र जिम्मेवार निकाय तथा संघ संस्थामा सूचित गर्न सार्वजनिक सूचना सम्प्रेषण गरिनेछ ।

६. सडकमा बस्ने बालबालिकाको पहिचान तथा लेखाजोखा गरिनेः (१) परिषद्ले संघीय राजधानी काठमाडौं उपत्यका, प्रदेश मन्त्रालयले प्रदेश राजधानी र स्थानीय तहले सम्बन्धित स्थानीय तहभित्र रहेका सडकमा बस्ने बालबालिकाको बस्ने वा बस्न सक्ने सम्भावित स्थान तथा क्षेत्रहरूको संयुक्त वा एकल रूपमा पहिचान तथा नक्शाङ्कन गर्नेछ ।

तर परिषद्ले आवश्यक ठानेमा देशभरिका सडक बालबालिकाको पहिचान, नक्शाङ्कन लगायतको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) पहिचान तथा नक्शाङ्कन गरिएका सम्भावित स्थानहरूको स्थलगत भ्रमण तथा अवलोकन गरी अनुमानित सडकमा बस्ने बालबालिकाको संख्या यकीन तथा पहिचान गरिनेछ ।

७. सडकमा बस्ने बालबालिकाको प्रारम्भिक तथा नियमित उद्धार र अनुगमन गर्नुपर्नेः (१) सडकमा बस्ने बालबालिका रहने स्थानहरूमा दैनिक रुपमा सडक गल्लीको गस्ती तथा निगरानी गरी सडकमा बसेका बालबालिकालाई बालमैत्री ढङ्गमा सडकबाट उद्धार गरिनेछ ।

(२) उद्धार गरी  वर्गीकरण गरिएका सडक बालबालिकालाई सेवा प्रदायक संघ संस्थाको सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार पुनःस्थापना केन्द्रमा पठाइनेछ ।

(३) उपदफा (२) बमोजिमका बालबालिकालाई पहिलो चरणमा अधिकतम बाह्र (१२) महिनासम्मका लागि मात्र अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार पुनःस्थापना केन्द्रमा राखिनेछ ।

तर लागू औषध तथा दुर्व्यसनको लत छुटाउन अधिकतम चौबीस (२४) महिनासम्म राख्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिमभन्दा बढी अवधिका लागि राख्नु पर्ने भएमा परिषद् वा प्रदेश मन्त्रालय वा सम्बन्धित स्थानीय तह वा बाल कल्याण अधिकारीको सहमति लिएरमात्र थप अवधि राख्न सकिनेछ ।

(५) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध तथा उपचार पुनःस्थापना केन्द्रबाट सिफारिस भई आएका सडक बालबालिकालाई सामान्यतया बढीमा बाह्र महिनासम्म सडक बालबालिका सामाजिकीकरण केन्द्रमा राखिनेछ ।

८. <u>रोकथाममूलक कार्यक्रम सञ्चालन गरिनेः</u> (१) सडकबाट उद्धार गरिएका बालबालिकालाई पुनः सडकमा नआउने वातावरण सिर्जना गर्न अस्थायी संरक्षण सेवा केन्द्र, लागू औषध उपचार तथा पुनःस्थापना केन्द्र, सामाजिकीकरण केन्द्रमा बालबालिका लक्षित सिर्जनात्मक र प्रतियोगितात्मक क्रियाकलाप तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(२) सडकबाट उद्धार गरिएका बालबालिकालाई नियमित मनोविमर्श तथा शैक्षिक विकास सम्बन्धी सेवा प्रदान गरिनेछ ।

(३) सडकबाट उद्धार गरिएका बालबालिकाको सुधारको अवस्थाको नियमित अनुगमन गरिनेछ ।

९. <u>सडकमा बस्ने बालबालिकाको पारिवारिक पुनर्मिलन वा समुदाय तथा वैकल्पिक परिवारमा सामाजिक वा संस्थागत पुनःस्थापना गर्नु पर्नेः</u> (१) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र र सडक बालबालिका सामाजिकीकरण केन्द्रमा रहेका बालबालिका र परिवारको अवस्था लेखाजोखा गरी उपयुक्त ठहरिएका बालबालिकालाई परिवारिमा पुनर्मिलन गरिनेछ।

(२) परिवारमा पुनर्मिलन हुन नसकेका बालबालिकालाई समुदाय वा वैकल्पिक परिवारमा सामाजिक तथा संघ संस्थागत पुनःस्थापना गरिनेछ।

(३) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र र सडक बालबालिका सामाजिकीकरण केन्द्र सञ्चालन गर्ने संघ संस्थामा यस किसिमको स्रोत-साधन तथा कार्यक्रम नभएमा सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय, मन्त्रालय वा परिषद्को समन्वय, सहयोग र सहकार्यमा पारिवारिक पुनर्मिलन, समुदाय वा वैकल्पिक परिवारमा सामाजिक तथा संस्थागत पुनःस्थापना गरिनेछ।

(४) पारिवारिक पुनर्मिलन, समुदाय वा वैकल्पिक परिवारमा सामाजिक तथा संस्थागत पुनःस्थापनामा काम गर्ने संघ-संस्थाहरूको सूची तथा सेवाहरूको नक्शाङ्कन सम्बन्धी विवरण

सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय, मन्त्रालय र परिषद्‌मा नियमित अद्यावधिक गरी राखिनेछ।

(५) परिवार नभएका वा विविध कारणले पुनर्मिलन गराउन नसकिने बालबालिकालाई सम्बन्धित बाल कल्याण अधिकारी तथा स्थानीय बाल अधिकार समितिमार्फत स्थानीय तह वा प्रदेश मन्त्रालय वा परिषद्‌ले दीर्घकालीन संरक्षण तथा व्यवस्थापनका लागि बाल गृहमा पुनःस्थापना गर्न समन्वय गर्न सक्नेछ ।

१०. <u>पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनःस्थापना भएका बालबालिकाको दुई वर्षसम्म अनुगमन गर्नु पर्ने:</u> (१) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र र सामाजिकीकरण केन्द्रले परिवारमा पुनर्मिलन वा दीर्घकालीन रूपमा बाल गृहमा पठाइएका बालबालिकाको कम्तीमा दुई वर्षसम्म छ/छ महिनाको अन्तरमा नियमित आवधिक अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्‌मा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा पेश भएको अनुगमन प्रतिवेदन वा जिम्मेवार निकायको अनुगमनबाट आवश्यक देखिएमा बाल कल्याण अधिकारीले अनुगमन अवधि बढीमा एक वर्षका लागि थप गर्न सक्नेछ ।

(३) सडकमा बस्ने बालबालिका तथा उनीहरुको परिवारको निरन्तर निगरानी राख्न सम्बन्धित सेवा प्रदायक संघ संस्थामा नै सामाजिक कार्यकर्ताको व्यवस्था गरिनेछ ।

(४) अनुगमनका क्रममा सडकमा बस्ने बालबालिका वा उनीहरुको परिवारको आर्थिक अवस्थामा सुधार गर्न आवश्यक देखेर अनुगमनकर्ताबाट सिफारिस भई आएमा स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्‌ले सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र, सामाजिकीकरण केन्द्र वा सम्बन्धित बाल गृहसँगको समन्वयमा पारिवार सहयोगसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको आर्थिक गतिविधिलाई आवश्यकतानुसार परिवारलाई आत्मनिर्भर हुन आर्थिक विकास सहयोग गर्ने र परिवारका सदस्यहरुको शैक्षिक योग्यतानुसारको सीप तथा क्षमता विकास गरी आय आर्जनको लागि देहायका सेवा उपलब्ध गराउन सकिनेछः-

(क) चौध वर्ष पूरा गरेका सडक बालबालिका र ५० वर्ष ननाघेका उनीहरुका परिवारका सदस्यलाई आवश्यकता अनुसार उनीहरुकै शैक्षिक योग्यता, क्षमता, सीप तथा रूची अनुसार रोजगारको उपलब्धता हेरी स्वरोजगार मूलक तालीम ।

(ख) व्यवसायिक तालीम प्राप्त भए पछि रोजागरी तथा स्वरोजगारको अवसरको लागि सहजीकरण र सहयोग ।

(ग) लक्षित समूह र समूहको परिवारलाई सोही समूदायका अन्य परिवारहरुको समूह गठन गरी दैनिक बचत गर्ने व्यवस्था तथा आय आर्जनमा वृद्धि गर्न सहयोग ।

(घ) परिवार, समूहका सदस्यहरु वा समूहमा नरहेका सडकमा बस्ने बालबालिकाको परिवारको आय आर्जन वृद्धि गर्न विभिन्न पेशा व्यवसाय सञ्चालन गर्न परिवार सहयोग वा सहयोग प्रायोजन।

११. <u>प्राविधिक तथा सीपमूलक शिक्षामा सहभागी गराई रोजगारीका लागि समन्वय गर्नुपर्नेः</u> (१) सरकारी तथा गैरसरकारी स्तरमा सञ्चालित रोजगार मूलक प्राविधिक तथा सीपमूलक तालीम तथा शिक्षा आय आर्जन गरी आर्थिक विकासका विभिन्न कार्यक्रमहरुमा चौध वर्ष उमेर पुगेका बालबालिकालाई सहभागी गराउन आवश्यक समन्वय, सहजीकरण तथा सिफारिस गरिनेछ।

(२) उमेर, क्षमता र सम्भावना भएका बालबालिकालाई व्यवसायिक प्रतिष्ठानहरुमा समेत रोजगारीको अवसर सिर्जना गर्न नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स लगायतका व्यवसायिक संघ संस्था तथा संगठनहरुसँग मन्त्रालय, परिषद्, प्रदेश मन्त्रालय तथा सम्बन्धित स्थानीय तहले आवश्यक समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

(३) उफदफा (१) बमोजिमको सिफारिस सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा सडक बालबालिका सामाजिकीकरण केन्द्रमा रहेका बालबालिकाको उमेर, क्षमता र सम्भावनाको आधारमा सिफारिस गरिनेछ ।

१२. <u>नयाँ आगमनको तत्काल रोकथाम गर्नु पर्नेः</u> (१) सडकमा बस्न नयाँ बालबालिका आउन नदिन, सडकबाट परिवारमा पुनर्मिलन तथा सामाजिक वा संस्थागत पुनःस्थापना भएका बालबालिका पुनः सडकमा आउनबाट रोकथाम गर्नका लागि बालबालिका आउने स्रोत तथा गन्तव्य स्थान दुवै ठाउँमा सतेचना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) सडक बालबालिकाको नयाँ आगमन रोकथाम तथा उनीहरुको व्यवस्थापनको लागि पहिलो चरणमा गन्तव्य स्थान र दोस्रो चरणमा स्रोत स्थान केन्द्रित भएर देहायका कार्यक्रम सञ्चालन गरिनेछनः–

(क) शहर तथा जिल्लाका सबै नाकाहरुमा प्रहरीबाट निगरानी गर्ने व्यवस्था गरिनेछ ।

(ख) कुनै पनि बालबालिका एक्लै शहर वा प्रदेश राजधानी वा काठमाडौं उपत्यकामा प्रवेश गर्दैछन् भने सम्बन्धित नाका, बस स्टेशनमा खटिएका प्रहरीबाट बालमैत्री ढङ्गले सोधपुछ गरी उद्धार, पहिचान समेतको विश्लेषण गरी पारिवारिक पुनर्मिलन गरिने वा सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रमा पठाइनेछ ।

(ग) बाबुआमा वा अभिभावक वा परिवार सहितै सडकमा आश्रित बालबालिकालाई लक्षित गरी रोकथामका लागि त्यस्ता परिवार र बालबालिका बीच सचेतनामूलक कार्यक्रम सञ्चालन गरी बाबुआमा तथा अभिभावकलाई जिम्मेवार

बनाइनेछ ।

(घ) सडकमा बालबालिका एक्लै अवस्थामा रहेको खबर प्राप्त हुनासाथ बालबालिका खोजतलास सेवा निःशुल्क टेलिफोन नं. (१०४) तथा नेपाल /प्रदेश प्रहरीमार्फत सेवा प्रदायक संघ संस्थाहरूसँगको सहकार्यमा तत्काल उद्धार गरिनेछ ।

(ङ) प्रहरी तथा सेवा प्रदायक संघ संस्थाहरुको समन्वयमा लामो तथा मध्यम दूरीमा चल्ने यातायातका साधनहरुको समेत नियमित अनुगमन गरी सडकमा आउन सक्ने सम्भावना तथा पहिचान भएका बेवारीस बालबालिकालाई रोकथाम तथा आवश्यकतानुसार व्यवस्थापन गरिनेछ ।

१३. सिफारिस वा समन्वय गरी सेवा प्रवाह गर्नु पर्नेः (१) सडकमा बस्ने बालबालिकाको उद्धार, संरक्षण, व्यवस्थापन सम्बन्धी कार्यक्रमको सबै सेवा एउटै संस्थाबाट प्रदान गर्न नसकिने भएमा सो कार्यलाई अर्को संस्थालाई स्थानान्तरण वा हस्तारन्तरण वा सिफारिस गरी व्यवस्थापन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गरिने संरक्षण व्यवस्थापन कार्यलाई यो कार्यविधि लागू भएको दुई वर्षभित्र बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली अनुसार व्यवस्थापन तथा अभिलेखीकरण गरिनेछ ।

(३) सिफारिस गर्नका लागि आवश्यक पर्ने न्यूनतम मापदण्ड र ढाँचा परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सेवा प्रदायक संघ संस्थाहरुलाई समान प्रक्रिया अनुरुप समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरी एकीकृत रूपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. प्रतिवेदन पेश गर्नुपर्नेः (१) सेवा प्रदायक संघ संस्थाले उद्धार गरी राखिएका बालबालिकाको फोटो सहितको पूर्ण विवरण भरी परिषद्ले तोकेको ढाँचामा स्थानीय तह, प्रदेश मन्त्रालय, र परिषद्मा पठाउनु पर्नेछ ।

(२) मासिक, त्रैमासिक, वार्षिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन र सडक बालबालिका सम्बन्धी तथ्याङ्क विवरण सहितको प्रतिवेदन प्रत्येक महिनाको २ गतेभित्र सम्बन्धित जिम्मेवार निकायमा पेश गर्नु पर्नेछ ।

(३) सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी प्रगति प्रतिवेदन, सङ्कलित तथ्याङ्क र सूचनालाई एकीकृत गरी जिल्लागत प्रतिवेदन सहितको प्रगति प्रतिवेदन तयार गरी प्रत्येक महिनाको ५ गतेभित्र प्रदेश मन्त्रालयले मन्त्रालय र परिषद्मा पेश गर्नु पर्नेछ ।

(४) परिषद्ले स्थानीय तह तथा प्रदेश मन्त्रालयबाट प्राप्त प्रगति प्रतिवेदन समेतको आधामा सङ्कलित तथ्याङ्क र सूचनाको एकीकृत प्रतिवेदन तयार गरी प्रत्येक महिनाको ७ गतेभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -४

## सेवा प्रदायक संघ संस्थाको दायित्व, छनौट र अनुदान सहयोग सम्बन्धी कार्यविधि

१५. सेवा प्रदायक संघ संस्थाको दायित्व: सेवा प्रदायक संघ संस्थाको दायित्व देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित अस्थायी संरक्षण सेवा प्रबन्ध मापदण्ड बमोजिम सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा पुनःस्थापना केन्द्र र सडक बालबालिका सामाजिकीकरण केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने ।

स्पष्टीकरण: खण्ड (क) प्रयोजनका लागि यस कार्यविधिका अतिरिक्त सडक बालबालिका रहने बाल गृह, पुनःस्थापना केन्द्र र लागू औषध उपचार तथा पुनःस्थापना केन्द्रको मापदण्ड बमोजिम समेत सञ्चालन तथा व्यवस्थापन गर्ने भन्ने बुझ्नु पर्छ ।

(ख) यस कार्यविधि बमोजिमको सेवा, सुविधा र सुधारका लागि विभिन्न उपायहरू अवलम्बन गरी प्राप्त स्रोत साधनको व्यवस्था तथा परिचालन गर्ने ।

(ग) सडकबाट उद्धार गरी अस्थायी संरक्षण सेवा केन्द्र तथा पुनःस्थापना केन्द्र, संस्था वा बाल गृहमा रहेका बालबालिकाको वैयक्तिक विवरण परिषद्ले निर्धारण गरे बमोजिमको ढाँचामा राख्ने र अद्यावधिक गर्ने ।

(घ) संघ, प्रदेश, स्थानीय तह, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैससबाट प्राप्त र स्वयम् संस्थाबाट सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनको वार्षिक लेखा परीक्षण प्रतिवेदन असोज मसान्तभित्र सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा पेश गर्ने ।

(ङ) सडकमा बस्ने बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन तथा सेवा प्रवाह तथा बालबालिकाले प्राप्त गरेको रोजगारी र संस्थाबाट गरिएको नियमित अनुगमन तथा पृष्ठपोषण सम्बन्धी प्रगति विवरण

तोकिएको ढाँचामा सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा पेश गर्ने ।

(च) सडकमा बस्ने बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित सरोकारवाला निकाय तथा संस्थासँग समन्वय र सहकार्य गर्ने ।

(छ) उद्धार गरिएका सडक बालबालिकाको पारिवारिक पुनर्मिलन हुन नसक्ने अवस्था भई सम्बन्धित निकायबाट वा बाल कल्याण अधिकारबाट दीर्घकालीन संरक्षणका लागि सिफारिस भै आएमा बाल गृहमा राखी पालन पोषण, स्याहार सुसार तथा हेरचाह, शिक्षादीक्षा तथा संरक्षणको आवश्यक व्यवस्था मिलाउने।

१६. <u>अस्थायी संरक्षण सेवा केन्द्रको दायित्वः</u> (१) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रको दायित्व देहाय बमोजिम हुनेछः-

(क) उपयुक्त वातावरण प्रदान गरी सडकमा फर्कनबाट रोक्ने ।

(ख) बालबालिकाको शारीरिक र मानसिक अवस्था हेरी आवश्यकतानुसार आधारभूत सेवा सुविधा उपलब्ध गराउने ।

(ग) उद्धार गरिएका बालबालिका तथा उनीहरुको परिवारको सूचना संकलन गर्ने।

(घ) शारीरिक, मानसिक तथा शैक्षिक अवस्थाको जानकारी लिई बालबालिकाको अवस्थामा सकारात्मक सुधार ल्याउने ।

(ङ) बालबालिकाको अवस्थामा सकारात्मक सुधारको आधारमा सडक बालबालिका सामाजिकीकरण केन्द्रमा सिफारिस गर्ने ।

(च) प्रत्येक बालबालिकाको पूर्ण विवरण तथा फोटो सहितको घटना अध्ययन विवरण, नियमित सुधारका लागि गरिएका दैनिक तथा साप्ताहिक कार्य तथा अभ्यासहरू सहितको विवरण तयार गर्ने र सकेसम्म चाँडो सडक बालबालिका सामाजिककीरण केन्द्रमा स्थानान्तरण वा हस्तान्तरण गर्ने ।

(छ) बालबालिकालाई उचित आवासको व्यवस्था गर्ने तथा पोषण युक्त खानाको व्यवस्था गर्ने ।

<u>स्पष्टीकरणः</u> खाना बनाउने तथा सरसफाईमा सामाजिक कार्यकर्तासँग बालबालिकालाई पनि उमेर अनुसार संलग्न गराई विस्तारै जिम्मेवार बनाउदै लगिने, खानाको र मनोविमर्श दिने तालिका देखिने गरी राख्नु पर्ने, खाना तालिका र कामको बाँडफाँड सम्बन्धी निर्णय गर्दा

उनीहरुको सहभागितामा छलफलबाट गर्ने जसले गर्दा त्यसलाई लागू गर्न र काम गर्नमा बालबालिका जिम्मेवार बन्न मद्दत पुग्नेछ।

(ज) आवश्यकता हेरी बालबालिकामा प्रतिकूल असर नपर्ने गरी उनीहरुको सरसफाईमा विशेष ध्यान दिन ।

(झ) सामान्य घाउ चोटपटक लागेको वा बिरामी भएको वा औषधि उपचार गर्नुपर्ने अवस्था भएमा प्राथमिक उपचारको व्यवस्था गर्नुपर्ने । तर थप उपचारको आवश्यकता देखिएमा नजिकको सरकारी तथा सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा लगेर उपचार गराउनु पर्ने।

(ञ) बालबालिकाको उचित स्वास्थ्यको लागि निम्न कार्यहरु अनिवार्य रुपमा गर्नुपर्ने छः-

(१) सामान्य स्वास्थ्य परीक्षण ।

(२) रगत समूह जाँच, एचआईभी, यौनजन्य सरुवा रोग, हेपाटाइटिस जाँच ।

(३) दिसा, पिसाबको जाँच ।

(४) क्षयरोग तथा अन्य सरुवा रोग परीक्षण ।

(५) गम्भीर तथा घातक रोगहरूको परीक्षण ।

(ट) औपचारिक वा अनौपचारिक माध्यमबाट बालबालिकालाई शिक्षा प्रदान गरी कम्तीमा साक्षर बनाउने तथा उमेर र रुची अनुसार औपचारिक शिक्षाको लागि विद्यालय भर्ना गर्न वातावरण तयार गर्ने ।

(ठ) शारीरिक तथा मानसिक विकास हुने खालका सिर्जनात्मक गतिविधिहरु सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

<u>स्पष्टीकरण:</u> योग तथा ध्यान गराउने, चित्र बनाउने, कथा लेख्ने तथा कथा भन्ने, नृत्य, गीत संगीत, कोठा भित्र खेलिने खेल, शब्दजाल, छलफल जस्ता चलचित्र, टि.भी. कार्यक्रममा सहभागी गराउने, रूचि अनुसारको खेलहरू फुटबल, तेक्वान्दो, करांते, क्रिकेट, टेबल टेनिस जस्ता खेल दैनिक तालिका बनाई खेलाउनु पर्ने । तर त्यस्ता गतिविधिमा उनीहरुको इच्छा अनुसारको खेलमा सहभागी गराउनु पर्ने र कुनै पनि गतिविधिका लागि जबरजस्ती गर्नु नहुने, बरु अन्य विकल्प दिने । साथै समय समयमा बाह्य भ्रमण गराउनु उपयुक्त हुने र उल्लिखित कार्यको दैनिक गतिविधिको तालिका समेत देखिने गरी राख्नुपर्ने।

(ड) जिम्मेवार निकायले तोकेका मापदण्डहरु लागू गर्ने ।

(ड) सडक बालबालिकाको लागि साधारण उपचार तथा मनोविमर्श सेवा उपलब्ध गराउने तर विशेष उपचार र मनोविमर्श सेवा आवश्यक देखिएका बालबालिकालाई चिकित्सक वा विशेष योग्यता प्राप्त मनोविमर्शकर्ताबाट सेवा उपलब्ध गराउने ।

(ढ) आश्रित बालबालिका भागेको खण्डमा नेपाल प्रहरी (१००), बालबालिका खोजतलास सेवा निःशुल्क टेलिफोन नं. (१०४) तथा सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा सम्बन्धित संस्थाले तुरुन्त जानकारी दिने ।

(ण) भागेका बालबालिकाको खोजी गर्ने जिम्मेवारी सोही संस्थाको हुने ।

(त) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकाको व्यक्तिगत तथा पारिवारिक विवरण मासिक, त्रैमासिक र वार्षिक रुपमा सेवा प्रदायक संस्थाले सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा बुझाउने ।

(थ) बालबालिकाको विवरण तोकिएको अनलाइन ढाँचामा नियमित अद्यावधिक गर्ने ।

(द) सडक बालबालिका घटना व्यवस्थापन प्रक्रियामा क्रमशः बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली (Child Protection Information Management Systerm -CPIMS) लागू गर्ने ।

(२) कम उमेरका र सडकमा आएका छोटो समय भएका बालबालिका पहिचान गरी बढी उमेरका र लामो समयसम्म सडकमा रहेका तथा विभिन्न दुर्व्यसनको लत भएका बालबालिका अलग अलग राख्ने ।

(३) उद्धार गरिएका सडक बालबालिकाको लेखाजोखा गरी आवश्यकता अनुसार अस्थायीफ संरक्षण सेव केन्द्र वा लागू औषध उपचार तथा पुनःस्थापना केन्द्रमा राख्ने ।

(४) उद्धार गरिएका सडक बालबालिकाको धूमपान तथा मध्यपान सेवन, लागू औषधको लत तथा अन्य कुनै हानिकारक व्यवहार छुटाउन आवश्यक थप व्यवस्था गर्ने ।

(५) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकाको अवस्थामा सुधार आएपछि सडक बालबालिका सामाजिकीकरण केन्द्रमा सिफारिस गर्ने ।

(६) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालन गर्ने संस्थाको आफ्नै सामाजिकीकरण केन्द्र नभएमा सम्बन्धित स्थानीय तह वा प्रदेश मन्त्रालय वा परिषद्को

समन्वयमा अन्य संस्थाबाट सञ्चालित सडक बालबालिका सामाजिकीकरण केन्द्रमा सिफारिस गर्ने ।

(७) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकाको अवस्थामा सुधार आएपछि सडक बालबालिका सामाजिकीकरण केन्द्रमा सिफारिस गर्नु नपर्ने देखिएका बालबालिकालाई परिवारमा पुनर्मिलन गर्ने।

(८) परिवार पत्ता नलागेमा दीर्घकालीन संरक्षणका लागि परिषद् वा प्रदेश मन्त्रालय वा सम्बन्धित स्थानीय तह तथा बाल कल्याण अधिकारीको सिफारिसमा अन्तिम विकल्पको रूपमा बाल गृहमा पुनःस्थापना गर्ने ।

१७. <u>सामाजिकीकरण केन्द्रको दायित्वः</u> (१) सडक बालबालिका सामाजिकीकरण केन्द्रको दायित्व देहाय बमोजिम हुनेछः-

(क) सडकमा रहँदा अपनाएका खराब लत पूर्ण रुपमा त्याग्ने अवस्था सिर्जना गर्ने ।

(ख) बालबालिकाको शारीरिक तथा मानसिक अवस्थामा सुधार ल्याउने र सीप तथा क्षमता विकास गर्ने ।

(ग) उमेर अनुसार साक्षर बनाउने वा विद्यालय भर्ना गर्न तयारी गर्ने ।

(घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको सूचि र विभिन्न कारणले विद्यालय भर्ना हुन नसक्ने बालबालिकाको रूचि अनुसारको तालीमको नक्शाङ्कन गर्ने।

(ङ) सामाजिकीकरण भई तालीममा पठाउन योग्य भएका बालबालिकालाई सम्बन्धित तालीम केन्द्रमा पठाउने ।

(च) पारिवारिक पुनर्मिलन, समुदाय वा वैकल्पिक परिवारमा सामाजिक वा संस्थागत पुनःस्थापनाको लागि तयारी गर्ने ।

(छ) बालबालिकाको परिवारको खोजी, पहिचान र लेखाजोखा गर्ने ।

(ज) परिवारको समस्या पहिचान गरी समस्या समाधान गर्न सक्षम बनाउने ।

(झ) सडक बालबालिकाको निमित्त उनीहरुको परिवारमा रहने उचित वातावरण बनाउन सहयोग गर्ने ।

(ञ) सडक बालबालिका र परिवारका सदस्यहरु बीच आइपर्ने समस्या आपसी समन्वयमा समाधान गर्न सहयोग गर्ने ।

(ट) आश्रित बालबालिका भागेको खण्डमा नेपाल प्रहरी (१००), बालबालिका खोजतलास सेवा निःशुल्क टेलिफोन नं. (१०४) तथा सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा तुरुन्त जानकारी दिने ।

(ठ) भागेका बालबालिकाको खोजी गर्ने ।

(ड) सडक बालबालिका सामाजिकीरण केन्द्रमा रहेका बालबालिकाको व्यक्तिगत तथा पारिवारिक विवरण सहित सुधारको अवस्था सम्बन्धी विवरण त्रैमासिक र वार्षिक रुपमा सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा बुझाउने ।

(ढ) बालबालिकाको विवरण परिषद्ले तोकिएको ढाँचामा नियमित अद्यावधिक गर्ने ।

(ण) सडक बालबालिका घटना व्यवस्थापन प्रक्रियामा क्रमशः बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली (Child Protection Information Management Systerm - CPIMS) लागू गर्ने ।

(२) सडक बालबालिका सामाजिकीकरण केन्द्रमा रहेका बालबाललिकालाई शिक्षा, तालीम, मनोविमर्श, मनोसामाजिक उपचार र उनीहरुको क्षमता पहिचान सहित सुनिश्चित भविष्यका लागि सम्बन्धित संघ संस्थासँग समन्वय गर्ने ।

१८. <u>सेवा प्रदायक संघ संस्थाको सूचीकरण, नक्साङ्कन र कार्य सम्पादन सम्झौताका लागि सार्वजनिक सूचना जारी गरिने:</u> (१) यो कार्यविधि प्रारम्भ हुँदाका बखत परिषदमा सूचीकृत भै कार्य सम्पादन सम्झौता गरिएका सेवा प्रदायक संस्थाका अतिरिक्त थप संस्थाको आवश्यकता भएमा परिषद्ले सूचना प्रकाशन, मूल्याङ्कन तथा लेखाजोखाका आधारमा संस्था छनौट र कार्य सम्पादन सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीकृत सेवा प्रदायक संस्था सम्बन्धी विवरण परिषद्ले सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तहलाई उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालय र स्थानीय तहले आफ्नो आवश्कतानुसार सेवा प्रदायक संस्थाको सूचीकरण गरी कार्यसम्पादन सम्झौता गर्न बाधा परेको मानिने छैन र सोको जानकारी परिषद्लाई समेत उपलब्ध गराउनु पर्नेछ ।

१९. <u>अभिमूखीकरण तथा समन्वय गरिने:</u> दफा १८ बमोजिम सम्झौता गरिएका सेवा प्रदायक संघ संस्थाका कर्मचारी र सम्बन्धित निकायलाई प्रभावकारी समन्वय, सहयोग र सजीकरणका लागि विशिष्टीकृत सेवा प्रवाह सम्बन्धी अभिमूखीकरण गरिनेछ ।

२०. <u>सार्वजनिक सूचना प्रकाशन:</u> (१) आवश्यकतानुसार जिम्मेवार निकायले सडकमा बसेका बालबालिका उद्धार गरी सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र, लागू औषध तथा उपचार पुनःस्थापना केन्द्र वा सामाजिकीरण केन्द्र वा बाल गृहमा पठाउने कार्यका लागि सहकार्य गर्न चाहने सेवा प्रदायक संघ संस्थालाई प्रस्ताव पेश गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन भएको सार्वजनिक सूचनाबाट सम्बन्धित इच्छुक सेवा प्रदायक संघ संस्थाले तोकिएको ढाँचा र समय सीमाभित्र प्रस्ताव पेश गर्न सक्नेछ ।

२१. मूल्याङ्कन तथा लेखाजोखा र सूचीकरण: (१) दफा २० बमोजिमको सूचनाबाट प्राप्त प्रस्तावको आधारमा त्यस्ता केन्द्र वा गृह सञ्चालन गर्न इच्छुक संघ संस्थाहरुसँग विद्यमान रहेको भौतिक पूर्वाधारको अवस्था, उपलब्ध सेवा तथा सुविधा, क्षमता, स्रोत तथा साधनको विवरण परिषद् वा प्रदेश मन्त्रालय वा स्थानीय तहले तोकेको ढाँचामा तयार गरिनेछ ।

(२) सेवा प्रदायक संघ संस्थाको राष्ट्रिय अभिलेख तथा सूचना विवरण एकीकृत रुपमा परिषद्मा रहनेछ ।

(३) परिषद्ले सडक बालबालिकाको क्षेत्रमा क्रियाशील संस्थाहरुको भौतिक पूर्वाधार, सेवा सुविधाको अवस्था, उपलब्ध सेवा, क्षमता, स्रोत तथा साधनको विवरण र कार्यक्रम सहित सूचि तयार गरी त्यस्ता संस्थालाई सूचीकृत गर्नेछ र सोको जानकारी सम्बन्धित प्रदेश र स्थानीय तहलाई वार्षिक रूपमा उपलब्ध गराउनेछ ।

तर प्रदेश मन्त्रालय वा स्थानीय तहले छुट्टै किसिमले समेत सूचीकृत गरी अद्यावधिक गर्न सक्नेछन् र सोको एकप्रति विवरण परिषद्मा समेत पठाउनु पर्नेछ।

२२. संस्था छनौट तथा सम्झौता: (१) जिम्मेवार निकायले दफा २० र २१ बमोजिम सूचिकृत भई सहकार्य गर्न इच्छुक सेवा प्रदायक संघ संस्थाको लेखाजोखा, अनुगमन तथा मूल्याङ्कन गरी सेवा प्रदायक संस्था छनौट गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएका संस्थाहरूसँग कार्य सम्पादन सम्झौता गरी सेवा तथा कार्यहरु सञ्चालन गर्न गराउन सकिनेछ ।

२३. सेवा प्रदायक संघ संस्थालाई जानकारी गर्नुपर्ने: (१) जिम्मेवार निकायले सडकमा बसेका बालबालिकाका लागि समन्वयात्मक रुपमा कार्य तथा कार्यक्रम सञ्चालन गर्न यस कार्यविधि र उद्धार प्रक्रियाका बारेमा सेवा प्रदायक संघ संस्थालाई समय समयमा जानकारी गराउन सक्नेछ ।

(२) सडकमा बसेका बालबालिकाका लागि सञ्चालन गरिने कार्यक्रमहरु यसै कार्यविधि अनुरुप कार्यान्वयनका लागि आवश्यक समन्वय र सहयोग गरिनेछ ।

(३) कुनै पनि गतिविधिबाट बालबालिकालाई सडकमा नै आश्रित रहन प्रोत्साहन गर्ने खालका क्रियाकलाप तथा कार्यक्रम सञ्चालन गर्न निषेध गरिएको छ । आवश्यकतानुसार यस सम्बन्धी जानकारी सार्वजनिक रूपमा आम सञ्चारका माध्यमबाट प्रसार प्रसार तथा प्रसारण र प्रकाशन गरिनेछ वा समन्वय बैठक गरिनेछ।

(४) सडकमा बसेका बालबालिकालाई सहयोग गर्न चाहने व्यक्ति वा संस्थालाई उद्धार गरी अस्यायी संरक्षण सेवा प्रबन्ध गर्ने सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा पुनःस्थापना केन्द्र वा सामाजिकीकरण केन्द्र सञ्चालन गर्न तथा पारिवारिक

पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनःस्थापना गर्न केन्द्रित रहने कार्यक्रममा सहयोग गर्न गराउन प्रोत्साहन गरिनेछ ।

(५) सडकमा बसेका बालबालिकाको अधिकार तथा हक हितको नाममा बालबालिकालाई सडकमै रहन प्रोत्साहन गर्ने खालका देहाय बमोजिमका कार्यहरु निषेध गरिएको छः-

(क) सडकमा नै खाना खुवाउने, कपडा बाँड्ने र स्वास्थ्य उपचार गर्ने, विभिन्न कक्षा सञ्चालन गर्ने तथा कुनै पनि विषयमा शिविर सञ्चालन गर्ने र कार्यक्रम समाप्ति पश्चात बालबालिकालाई सडकमा नै छाड्ने प्रकृतिका कार्यहरु ।

(ख) कुनै पनि अवसर, उपलक्ष्यको बहानामा बालबालिका जम्मा गरी सडकमै अथवा अन्यत्र लगी कार्यक्रम गर्ने र कार्यक्रम सकिए पश्चात् पुनः सडकमै छोडिदिने प्रकृतिका कार्यहरु ।

(ग) सडकमा रहेका बालबालिकालाई पैसा वा खाने कुरा दिने वा पैसा दिएर काममा लगाउने प्रकृतिका कार्यहरु ।

(घ) अन्य कुनै पनि प्रकारबाट सडकमा नै बसिरहेका कारण उपलब्ध गराइने सेवा र निश्चित सहयोग पश्चात पुनः सडकमा नै बस्नुपर्ने अवस्था सिर्जना हुने कुनै पनि सहयोग वा यस्तै कार्यक्रमहरु ।

(ङ) सडकमा बसेका बालबालिका प्रयोग गरी गैर कानूनी आर्थिक लाभ लिने वा अपराधिक क्रियाकलापमा संलग्न गराउने कार्यहरू ।

२४. <u>सेवा प्रदायक संघ संस्थालाई सशर्त अनुदान दिई सञ्चालन गर्न सकिने सेवा तथा कार्यको वर्गीकरण, मापदण्ड र सीमाः</u> (१) जिम्मेवार निकायले यस कार्यविधि बमोजिम सेवा प्रदायक संघ संस्थासँग  कार्य सम्पादन सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकम सेवा प्रदायक संघ संस्थाले उपदफा (३) मा तोकिएको सीमाभित्र रही देहाय बमोजिमका सेवा प्रवा गर्न तथा कार्यहरू सञ्चालन गर्न गराउन मात्र खर्च गर्न सक्नेछः-

(क) पालन पोषणका लागिः खाद्यान्न, तरकारी, फलफूल, लत्ता कपडा ।

(ख) स्वास्थ्य उपचारका लागिः सरकारी तथा सामुदायिक स्वास्थ्य प्रतिष्ठान र अस्पतालमा लागेको चेकजाँच र खरिद गरिएको बील अनुसारको औषधि उपचार खर्च वा स्वास्थ्य बीमा वापतको नियमानुसारको बीमा रकम ।

तर सरकारी स्वास्थ्य संस्थामा उपचार सम्भव नहुने भनी प्रचलित कानून बमोजिम अधिकार प्राप्त चिकित्सकको लिखित जानकारीका आधारमा परिषद् वा प्रदेश मन्त्रालय वा स्थानीय तहको

पूर्व स्वीकृति समेतमा निजी स्वास्थ्य संस्थाबाट भएको उपचार खर्च भुक्तानी गर्न बाधा नपर्ने ।

(ग) मानसिक उपचार तथा मनोविमर्श सेवा शुल्क, मनोबल अभिवृद्धि मूलक तालीम शुल्क र नियमित मनो विमर्शकर्ता शुल्क ।

(घ) कूल अनुदान सहयोग रकमको प्रशासनिक खर्च बीस प्रतिशतसम्म ।

(ङ) चौध वर्षमुनिका बालबालिका हेरचाह, स्याहार सुसार गर्ने हेरचाह तथा स्याहार सुसारकर्ताकर्मचारी पारिश्रमिक खर्च ।

(च) घरभाडा तिर्नु पर्नेको हकमा कूल मासिक घरभाडा खर्चको पच्चीस प्रतिशतसम्म ।

(छ) पारिवारिक लेखाजोखा, परामर्श, पुनर्मिलन र पुनःस्थापना खर्च ।

(ज) सामुदायिक विद्यालयमा अध्ययन गर्न लाग्ने शिक्षा सम्बन्धी खर्च र सत्प्रवचन तथा सत्संग सम्बन्धी लागेको कक्षागत शुल्क ।

(झ) मनोरञ्जन, खेलकुद तथा अतिरिक्त/ सह क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन खर्च ।

(३) परिषद्ले उपदफा (१) र (२) बमोजिमको सेवा तथा कार्य सञ्चालन गर्न तोकिएको सेवा प्रदायक संघ संस्थाले देहाय बमोजिम निर्धारण गरिएको वजेट रकमको सीमाभित्र रही खर्चको बील भरपाई पेश गर्नुपर्नेछः-

(क) आश्रित बालबालिकाको प्रमाणित हाजिरीको आधारमा आश्रय अवधि कायम गरी अनुदान रकम भुक्तान गरिनेछ ।

(ख) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा सामाजिकीकरण केन्द्र वा बाल गृह वा संस्थामा आश्रित लागू औषध तथा डेन्ड्राइडको लत नपरेका सडक बालबालिकाको लागि मासिक प्रति बालबालिका रू. ७,०००/-(सात हजार मात्र) ।

(ग) लागू औषध तथा डेन्ड्राइडको लत भई लागू औषध उपचार तथा पुनःस्थापना केन्द्रमा आश्रित सडक बालबालिकाको लागि मासिक प्रति बालबालिका रू.१०,०००/-(दश हजार मात्र) ।

(घ) एक महिनाभन्दा घटिबढी दिनको हकमा खण्ड (ख) र (ग) मा तोकिएको मासिक अनुदान रकमको औसत दिनको हिसाव गरी भुक्तानी गरिनेछ ।

(ङ) परिषद् वा प्रदेश मन्त्रालय वा स्थानीय तहले बजार भाउ तथा महंगी बढेको आधारमा प्रत्येक अर्को आर्थिक वर्षमा खण्ड (ख) र (ग) बमोजिमको मासिक अनुदान रकममा बढीमा पाँच प्रतिशतसम्म वृद्धि गरी सेवा प्रदायक संघ संस्थालाई उपलब्ध गराउन सक्नेछ ।

(च) यस कार्यविधि बमोजिमको रोजगारी मूलक प्राविधिक तथा व्यवसायिक सीप र क्षमता अभिवृद्धि तालीम निःशुल्क हुन नसकेको अवस्थामा त्यस्तो तालीममा सहभागिता गराउन परिषद्, प्रदेश मन्त्रालय र स्थानीय तहले सेवा प्रदायक संघ संस्था वा अन्य व्यवसायिक संघ संस्थासँग कार्य सम्पादन सम्झौता गरी तालीम अवधिको लाग्ने आंशिक वा पूरा तालीम शुल्क भुक्तान गर्न सक्नेछ ।

(छ) यस कार्यविधि बमोजिमको परिवार सहयोग तथा सहयोग प्रायोजन गर्न परिषद्, प्रदेश मन्त्रालय र स्थानीय तहले चौध वर्ष उमेर पुगेको सडक बालबालिका वा सडक बालबालिकाको बाबुआमा वा बाबु वा आमा वा संरक्षकसँग कार्य सम्पादन सम्झौता गरी व्यवसायको प्रकृति र आवश्यकताका आधारमा एक पटकका लागि बढीमा एक लाख रूपैयाँसम्मको स्रोत साधन वा आर्थिक सहयोग रकम उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद -५

## सडक बालबालिका मुक्त नेपाल घोषणा कार्यविधि

२५. सडक बालबालिका मुक्त नेपाल घोषणाको पृष्ठभूमि र आधारः सडक बालबालिका मुक्त वडा, स्थानीय तह र प्रदेश देहायका आधारमा निर्णय गरी घोषणा गर्न परिषद्ले राष्ट्रिय रुपमा सार्वजनिक सूचना प्रकाशन, प्रसारण तथा परिपत्र गर्नेछः-

(१) साविक केन्द्रीय बाल कल्याण समितिले विगत लामो समयदेखि सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापनको कार्य सम्बन्धित सरकारी निकाय र यस क्षेत्रमा क्रियाशील गैर सरकारी संघ संस्थाको सहयोग, समन्वय र सहकार्यमा गर्दै आएकोमा नेपाल सरकारबाट स्वीकृत सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ लागू भए पश्चात सोही बमोजिम हुने गरी आर्थिक वर्ष २०७२/७३ देखि नै सघन रुपमा राष्ट्रिय अभियानको रुपमा कार्यक्रम सञ्चालन हुँदै आएको,

(२) बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भए पश्चात ऐनको दफा ७ को उपदफा (४) बमोजिम सडकमा बस्ने बालबालिकाको सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष संरक्षण पाउने अधिकार सुनिश्चत गर्न विगत पाँच वर्षदेखि सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ अनुसार सडकमा बस्ने बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम निरन्तर सञ्चालन हुँदै आएको,

(३) करीब विगत एक दशकदेखि सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यक्रम देशभर निरन्तर सञ्चालनमा रहेकोमा केही सीमित शहर (काठमाडौं उपत्यका, बनेपा, धुलीखेल, पोखरा, बुटवल, नारायणगढ, ईटहरी, धरान र दमक)का सडकमा बस्ने बालबालिका

देखिएको केही समयमा उद्धार भै सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रमा संरक्षण व्यवस्थापन गरिने गरिएको,

(४) सडकमा बस्ने बालबालिका देखिएमा तत्काल उद्धार गरी संरक्षण तथा व्यवस्थापन गर्ने गराउने कार्य बालबालिका खोजतलास सेवाले निरन्तर गर्दै आएकोले सडक बालबालिकामुक्त नेपाल घोषणाको मुख्य आधार बनेको ।

२६. सडक बालबालिका मुक्त वडा घोषणा (१) प्रत्येक स्थानीय तहका वडाले सडकमा बस्ने बालबालिका आफ्नो वडाभित्रका टोल, समुदाय, गाउँ, गल्ली तथा सडक र कुनै पनि स्थानमा भएको नपाएमा वडा कार्य समितिको निर्णयले सडक बालबालिका मुक्त भएको वडा भनी निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय गर्नु अघि वडा कार्यालयले कम्तीमा ७ दिनको सार्वजनिक सूचना आवश्यकतानुसार सार्वजनिक कार्यालय तथा ठाउँमा टाँस गरी वा स्थानीय सञ्चार माध्यमबाट प्रकासन तथा प्रसारण गरी सडकमा बस्ने बालबालिका भए वा देखिएमा वडा कार्यालयमा सूचना दिन जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सडकमा बस्ने बालबालिका भेटिएमा सम्बन्धित स्थानीय तहको बाल कल्याण अधिकारी वा बालबालिका शाखा/महाशाखा हेर्ने कर्मचारी र प्रहरीको सहयोगमा उद्धार गरी नजिकको सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रमा पुनःस्थापनका लागि पठाउनु पर्नेछ र सोको जानकारी स्थानीय तय, प्रदेश मन्त्रालय र परिषद्लाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उद्धार तथा पुनःस्थापनाका लागि आवश्यक सहयोग, समन्वय, सहकार्यका लागि माग भै आएमा क्रमशः स्थानीय तह र स्थानीय बाल अधिकार समिति, प्रदेश मन्त्रालय र प्रदेश बाल अधिकारी समिति, मन्त्रालय र परिषद्ले सहजीकरण गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम वडा कार्य समितिले सडक बालबालिका मुक्त वडा भनी निर्णय गरेमा सोको जानकारी सम्बन्धित स्थानीय तहलाई यथासक्य लिखित रुपमा पठाउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम वडा कार्य समितिले निर्णय गरेको दिनलाई नै सो वडा सडक बालबालिका मुक्त वडा घोषणा भएको मानिनेछ ।

(७) माथि उपदफाहरुमा जुनसुकै कुरा लेखेको भए तापनि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को दफा २१ तथा अनुसूची -३ को २२ औं सूचक सतप्रतिशत पूरा भएको वा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम बालमैत्री स्थानीय शासन वडा वा बालमैत्री स्थानीय तह घोषणा भएका सबै वडाहरु स्वतः सडक बालबालिका मुक्त वडा घोषणा भएको मानिनेछ ।

२७. सडक बालबालिका मुक्त स्थानीय तह घोषणा (१) स्थानीय तहका सबै वडाहरु सडक बालबालिकामुक्त वडा घोषणा भएको जानकारी स्थानीय तहको कार्यपालिकाको कार्यालयमा प्राप्त भएमा सो यकीन गरी सडक बालबालिका मुक्त गाउँपालिका वा नगरपालिका भएको निर्णय कार्यपालिकाले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिका वा नगरपालिकाको कार्यपालिकाले निर्णय गरेको दिनलाई नै सो स्थानीय तह सडक बालबालिका मुक्त स्थानीय तह घोषणा भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सडक बबालबालिका मुक्त घोषणा भएका स्थानीय तहले यथासक्य सोको लिखित जानकारी प्रदेश मन्त्रालय र परिषद्लाई पठाउनु पर्नेछ र सडक बालबालिका मुक्त गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका भएको सन्देश आफ्नो वेबसाइटमा समेत राख्नु पर्नेछ ।

(४) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को दफा २१ तथा अनुसूची -३ को २२ औं सूचक सतप्रतिशत पूरा भएको वा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम बालमैत्री स्थानीय तह घोषणा भएका सबै स्थानीय तहहरु स्वतः सडक बालबालिका मुक्त स्थानीय तह घोषणा भएको मानिनेछ ।

२८. सडक बालबालिका मुक्त प्रदेश घोषणा (१) प्रदेशका सबै स्थानीय तहहरु सडक बालबालिका मुक्त स्थानीय तह घोषणा भएको जानकारी प्रदेश मन्त्रालयमा प्राप्त भएमा सो यकीन गरी प्रदेश मन्त्रालयको सिफारिसमा सडक बालबालिका मुक्त प्रदेश भएको निर्णय प्रदेश सरकारले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले निर्णय गरेको दिनलाई नै सो प्रदेश सडक बालबालिका मुक्त प्रदेश घोषणा भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सडक बबालबालिका मुक्त घोषणा भएका प्रदेश सरकारले प्रदेश मन्त्रालयमार्फत यथासक्य छिटो सोको लिखित जानकारी मन्त्रालय र परिषद्लाई पठाउनु पर्नेछ र सडक बालबालिका मुक्त प्रदेश भएको सन्देश आफ्नो वेबसाइटमा समेत राख्नु पर्नेछ ।

२९ सडक बालबालिका मुक्त वडा, स्थानीय तह र प्रदेश घोषणा गर्न सकिने: यस परिच्छेदको दफा २६, २७ र २८ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुँदाका बखत सम्बन्धित वडा, स्थानीय तह र प्रदेशले आ-आफ्नो क्षेत्रभित्र तीस दिन अगाडिसम्म सडकमा बस्ने बालबालिका नदेखेको वा फेला नपारेको भएमा सडक बालबालिका मुक्त वडा, स्थानीय तह र प्रदेश घोषणाको निर्णय गर्न सक्नेछन् ।

३०. <u>सडक बालबालिका मुक्त नेपाल घोषणा</u> (१) सबै प्रदेशहरु सडक बालबालिका मुक्त प्रदेश घोषणा भएको जानकारी परिषद् र मन्त्रालयमा प्राप्त भएमा सो यकीन गरी परिषद्को सिफारिस र मन्त्रालयको स्वीकृति तथा प्रस्तावमा सडक बालबालिका मुक्त नेपाल भएको निर्णय नेपाल सरकारले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले निर्णय गरेको दिनलाई नै सडक बालबालिका मुक्त नेपाल घोषणा भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सडकमा बालबालिका बसेको जानकारी प्राप्त भएकै दिन उद्धार गरिने कार्य सञ्चालन हुँदै आएकोले लगातारको एक हप्ताको निरन्तर मन्त्रालय सम्मिलित अनुगमन टोलिको प्रतिवेदनबाट सो कुरा प्रमाणित हुन आएमा वा राष्ट्रिय जनगणना २०७८ अनुसार कायम रहेको बालबालिकाको कूल जनसंख्याको ०.००३ प्रतिशतभन्दा कम बालबालिका पछिल्लो तीन आर्थिक वर्षको औसतमा सडकबाट उद्धार गरिएको पाइएमा परिषद्को सिफारिस र मन्त्रालयको स्वीकृति तथा प्रस्तावमा सडक बालबालिका मुक्त नेपाल भएको निर्णय तथा घोषणा नेपाल सरकारले गर्न सक्नेछ ।

३१. <u>सडक बालबालिका मुक्त नेपाल घोषणाको दिगोपना तथा रणनीतिक योजना:</u> (१) यस कार्यविधि बमोजिम सडक बालबालिका मुक्त नेपाल घोषणाको निरन्तरता, स्थायित्व र दिगोपनका लागि मन्त्रालयले नियमित रुपमा आवश्यक नीतिगत व्यवस्था, वार्षिक वजेट विनियोजन तथा कार्यक्रमको व्यवस्था गरी सडकमा बस्ने बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कम्तीमा पाँच वर्षीय राष्ट्रिय रणनीतिक योजना निर्माण गरी लागू गर्नु पर्नेछ ।

(२) यस कार्यविधि र उपदफा (१) बमोजिमको राष्ट्रिय रणनीतिक योजनाका आधारमा सम्बन्धित प्रदेश मन्त्रालयले सडकमा बस्ने बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी प्रादेशिक रणनीतिक योजना निर्माण गरी लागू गर्नु पर्नेछ ।

(३) यस कार्यविधि र उपदफा (१) बमोजिमको राष्ट्रिय रणनीतिक योजना तथा उपदफा (२) बमोजिमको प्रादेशिक रणनीतिक योजना समेतका आधारमा आवश्यतानुसार सम्बन्धित स्थानीय तहले सडकमा बस्ने बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी स्थानीय योजना निर्माण गरी लागू गर्नु पर्नेछ ।

(४) सडकमा बस्ने, सडकमा माग्ने र सडकमा श्रम गर्ने बालबालिकाको रोकथाम, न्यूनीकरण र अन्त्यका लागि जिम्मेवार निकायको अगुवाइमा सम्बन्धित कानून बमोजिम अख्तियार प्राप्त अन्य मन्त्रालय तथा निकायसँग आपसी समन्वय गरी रोकथाम तथा नियन्त्रण गरिनेछ । यस्ता बालबालिकाको दीर्घकालीन संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित तथा जिम्मेवार निकाय र सेवा प्रदायक संघ संस्थाले सचेतनामूलक लगायतका आवश्यक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद -६

## लेखा, लेखा परीक्षण र विविध

३२. लेखा र लेखा परीक्षण (१) जिम्मेवार निकाय र सेवा प्रदायक संस्थासँगको सहकार्यमा कार्य सम्पादन सम्झतौ गरी सञ्चालन हुने कार्यक्रमको लेखा परीक्षण सम्बन्धित जिम्मेवार निकायलेले अपनाएको प्रचलित लेखा प्रणाली बमोजिम लेखा राखी आन्तरिक र अन्तिम लेखा परीक्षण गरिनेछ ।

(२) सम्बन्धित सेवा प्रदायक संघ संस्थाले पनि कार्यक्रम सञ्चालनको लेखा परीक्षण नेपाल सरकारबाट मान्यता प्राप्त लेखा परीक्षकबाट परीक्षण गराई सहयोग गरिएको विवरण वार्षिक प्रतिवेदनमा खुलेको प्रतिलिपि विवरण सम्बन्धित जिम्मेवार निकायमा अर्को आर्थिक वर्षको असोज मसान्तसम्म पेश गर्नु पर्नेछ ।

(३) सेवा प्रदायक संघ संस्थाले जुन निकायबाट अनुदान रकम प्राप्त गरी कार्यक्रम सञ्चालन गरेको हो सोको सक्कल स्रेस्ता तथा समग्र प्रगति विवरण सम्बन्धित जिम्मेवार निकायमा मासिक वा कार्य सम्पादन सम्झौतामा उल्लिखित भए बमोजिम पेश गर्नु पर्नेछ ।

३३. मापदण्ड निर्धारण गरी लागू गर्न सक्नेः ऐनको दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रबन्ध गर्न नेपाल सरकारबाट अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी थप मापदण्ड नतोकिएसम्म यस कार्यविधि बमोजिम सञ्चालन गरिने सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र र सडक बालबालिका सामाजिकीकरण केन्द्रको लागि थप मापदण्ड आवश्यक भएमा परिषद्ले निर्धारण गरी लागू गर्न सक्नेछ ।

३४. बाल क्लब गठन तथा सञ्चालन गर्नु पर्नेः सेवा प्रदायक संघ संस्थाले सडक बालबालिका अस्यायी संरक्षण सेवा केन्द्र लगायतको निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गर्न र आश्रित बालबालिकाको अधिकारको सम्मान, संरक्षण र प्रबर्द्धन गर्न ऐनको दफा ८ र नियमावलीको परिच्छेद २ बमोजिम बाल क्लब गठन गरी सञ्चालन तथा व्यवस्थानप गर्नु पर्नेछ ।

३५. कार्ययोजना तथा रणनीतिक योजना निर्माण गरी लागू गर्न सक्नेः सडकमा बस्ने बालबालिकाको विशेष संरक्षण तथा व्यवस्थापनको लागि जिम्मेवार निकायले वार्षिक तथा आवधिक कार्ययोजना तथा रणनीतिक योजना निर्माण गरी लागू गर्न सक्नेछ ।

३६. व्याख्या गर्ने अधिकारः यस कार्यविधिमा भएको कुनै व्यवस्था अस्पष्ट भै व्याख्या गर्नु पर्ने भएमा अन्तिम व्याख्या गर्ने अधिकार मन्त्रालयको हुनेछ ।

३७. बाधा अड्काउ फुकाउनेः यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउनेछ ।

३८. निर्देशन दिन सक्नेः सडकमा बस्ने बालबालिका पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा सेवा कार्यान्वयनको लागि जिम्मेवार निकायले सेवा प्रदायक संघ संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र निर्देशन पालना गर्नु सेवा प्रदायक संस्थाको कर्तव्य हुनेछ ।

३९. संशोधन गर्न सक्नेः यस कार्यविधिलाई आवश्यकतानुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

तर कार्यविधिको कुनै अनुसूची र बालबालिकालाई उपलब्ध गराउनु पर्ने सेवा सुविधा सम्बन्धी मापदण्ड थप घट तथा संशोधन गर्नु परेमा परिषद्ले संशोधन गर्न सक्नेछ ।

४०. सबैको कर्तव्य हुनेः सडकमा बस्ने बालबालिकाको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन र रोकथाम कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित तीनै तहका सरकारी निकाय तथा पदाधिकारी, गैर सरकारी संघ संस्था, बाल गृह, सञ्चार माध्यम, नागरिक समाज, सामाजिक कार्यकर्ता, समाजसेवी उद्योग व्यवसायी तथा व्यापारी, अभिभावक, शिक्षक, चिकित्सक, अधिवक्ता, राष्ट्र सेवक कर्मचारी लगायत सर्वसाधारण नागरिक सबैको कर्तव्य हुनेछ ।

४१. खारेजी र बचाउः (१) सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ खारेज गरिएको छ ।

(२) सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ बमोजिम भएका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।